# नेपाल रिपब्लिक मिडिया लिमिटेडको

## पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस नेपाल रिपब्लिक मिडिया लिमिटेडको संचालक समितिको मिति २०८२/०९/०८ गते तद्नुसार २०२५ डिसेम्बर २३ मंगलबार बेलुका ५:०० बजे बसेको संचालक समितिको बैठकको निर्णयबमोजिम बोलाईएको कम्पनीको **पाँचौं वार्षिक साधारण सभा** निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा (कम्पनी ऐन २०६३) को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । यस सम्बन्धी सूचना कम्पनीको वेबसाईट www.nepalrepublicmedia.com मा समेत प्रकाशन गरिएको छ । यसैलाई सूचना मानी पाँचौं वार्षिक साधारण सभाको कार्यक्रममा सहभागी हुनका लागि हार्दिक अनुरोध गरिन्छ ।

**पाँचौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थानः**

मितिः २०८२ पुष ३० गते, बुधबार (तद्नसार १४ जनवरी २०२६)

समयः बिहान १०:३० बजे, उपस्थिति पुस्तिका बिहान ९:३० बजे देखि नै खुल्ला राखिनेछ ।

स्थानः अर्पण ब्याङ्क्वेट, नयाँ बानेश्वर, काठमाडौं ।

**छलफलका विषयहरुः**

**क) सामान्य प्रस्तावहरुः**

१) आ.व. २०८१/०८२ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरी सोलाई पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) कम्पनीको संशोधित नियमावली बमोजिम संचालक समितिमा शेयरधनीहरुको तर्फबाट एकजना महिला सहित ४ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

ग) विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१) उल्लेखित कम्पनीको पाँचौं वार्षिक साधारण सभामा भाग लिने प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८२/०९/१८ गते एकदिनका लागि बन्द रहनेछ । शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८२/०९/१८ भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि.बाट कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार एन. आइ. एम. बि. एस. क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिन, उम्मेदवारी दर्ता गर्न तथा मतदान गर्न सक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

२) वार्षिक साधारण सभामा उपस्थित भई भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरु हुनु भन्दा १ (एक) घण्टा अगावै देखि खुला रहनेछ ।

३) सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको प्रधान कार्यालयमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ । वार्षिक प्रतिवेदन यस कम्पनीको वेबसाईट www.nepalrepublicmedia.com तथा शेयर रजिष्ट्रार कार्यालय एन.आइ.एम.बि.एस. क्यापिटल लिमिटेड, काठमाडौंको कार्यालयमा समेत उपलब्ध हुने व्यहोरा सुचित गराईन्छ ।

४) सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिकामा हाजिरी गर्नुपर्ने छ । सो दिन हाजिर पुस्तिका बिहान ९:३० बजेदेखि खुल्ला हुनेछ ।

५) सभामा प्रवेशका लागि DMAT Account Number तथा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

६) शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना महिला सहित ४ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी तालिका कम्पनीको वेबसाइट www.nepalrepublicmedia.com तथा कम्पनीको सूचना पाटीमा पछि प्रकाशित गरिनेछ ।

७) निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन चाहने शेयरधनीहरुको नाम मतदाता नामावलीमा उल्लेख भएको र त्यस्तो शेयरधनीहरुले कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा ग्रहण गरेको हुनुपर्नेछ, तर संस्थाको तर्फबाट उम्मेदवार दिनेको हकमा भने सम्बन्धित संस्थाले उपरोक्त बमोजिमको शेयर लिएको हुनुपर्नेछ र कम्पनी ऐन २०६३ बमोजिम अयोग्य नठहरिएको व्यक्ति हुनु पर्नेछ ।

८) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय सुन्धारामा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त कार्यालय खुल्ला रहनेछ ।

९) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्टाएर वा कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीहरुलाई प्रतिनिधि बनाई नियुक्त गरी दिईएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः खारेज हुनेछ ।

१०) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा २४ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय सुन्धारामा बुझाई सक्नुपर्नेछ ।

११) संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतीमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतीबाट नियुक्त प्रतिनिधि (प्रोक्सी) ले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ । साथै, नाबालक तथा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नुहुनेछ ।

१२) शेयरधनी महानुभावहरुले सभामा उपस्थित हुदाँ सुरक्षाको दृष्टिकोणले यथाशक्य झोला, प्याकेट आदि नलिई आउनुहुन अनुरोध छ । सभाको सुरक्षार्थ खटिउका सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नको आवश्यकतानुरुप सुरक्षा जाँच गर्न सक्ने हुदाँ सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

१३) सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ । साधारण सभा सम्बन्धी अन्य सम्पूर्ण काम कारवाहीहरु कम्पनीको प्रवन्ध पत्र, निमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**